

# हेर्नुहोस्!

## सवारी चालकहरू:

- बाटो काट्ने ठाउँ र चौबाटोमा पैदल यात्रीहरूलाई गाडी रोकेर जान दिनुहोस् – यो कानुन हो।
- चौबाटोमा गाडी रोक्दा बाटो काट्ने ठाउँ छेकिने गरी नरोक्नुहोस्।
- गाडीको गति कम गर्नुहोस् र तोकिएको गति सीमाको पालना गर्नुहोस्।
- विद्यालय, खेल मैदान र बस्ती रहेको ठाउँमा गाडी चलाउँदा बढी ध्यान दिनुहोस्।
- सधैँ अगाडि-पछाडि पैदल यात्रीहरू छन् कि भनी विचार पुर्याउनुहोस्, विशेष गरी हरियो बत्ती बलेको बेला गाडी घुमाउनुअघि वा "रातो बत्ती बलेको बेला दायाँतिर घुमाउँदा" बढी ध्यान दिनुहोस्।
- रातो बत्ती बलेको बेला कहिल्यै पनि गाडी नचलाउनुहोस्।
- रोकिएका गाडी पार गर्दा ध्यान दिनुहोस्। तिनीहरू पैदलयात्रीका लागि रोकिएका पनि हुन सक्छन्।
- ध्यान दिनुहोस्! फोनमा एसएमएस लेख्दै गाडी नचलाउनुहोस्!
- सडकमा मिलेर यात्रा गर्नुहोस्। अरू मानिसहरूको पनि ख्याल राख्नु तपाईंको कर्तव्य हो।

**पैदल यात्रीको सुरक्षा: कुनै पनि दुर्घटना हुन नपाओस्।**

NYS Governor's Traffic Safety Committee (NYS गभर्नरको ट्राफिक सुरक्षा समिति) को अनुदान तथा National Highway Traffic Safety Administration (राष्ट्रिय राजमार्ग ट्राफिक सुरक्षा प्रशासन) को आर्थिक सहायतामा।

NEW YORK STATE | Department of Health



# आफू पनि देखिनुहोस्!

**पैदलयात्रीहरू:**

- चौबाटोबाट तथा चिन्ह लगाइएका बाटो काट्ने ठाउँबाट मात्रै बाटो काट्नुहोस्।
- पैदल यात्रीले थिच्ने बटनको प्रयोग गर्नुहोस् र बाटो काट्नुअघि सिग्नलको प्रतीक्षा गर्नुहोस्।
- बाटो काट्नुअघि, बायाँ हेर्नुहोस्, दायाँ हेर्नुहोस्, त्यसपछि फेरि बायाँ हेर्नुहोस्, कसैले गाडी घुमाइरहेका छन् कि भनी पछाडि पनि हेर्नुहोस्।
- सडक पेटीमा हिँड्नुहोस्। यदि सडक पेटी छैन भने गाडी आइरहेको दिशातर्फ फर्केर हिँड्नुहोस् ताकि तपाईंले गाडीलाई र चालकले तपाईंलाई देख्न मिलोस्।
- ध्यान दिनुहोस्! बाटो काट्दा फोनबाट एसएमएस पठाउने काम गर्नुहोस्!
- चालकसँग आखाँ जुधाई हिँड्नुहोस् ताकि उनीहरूले तपाईंलाई देख्न सकुन्।
- साँझ परिसकेपछि तथा खराब मौसममा पनि देख्न सकिने चम्किलो रङ्को वा प्रकाश परावर्तन हुने लुगा लगाएर हिँड्नुहोस्।
- बस र ट्रकहरूको अगाडि अचानक खुट्टा नचाल्नुहोस्। तिनीहरूलाई रोकिन कारलाई भन्दा बढी समय लाग्दछ।
- पार्किङ स्थल तथा सडकमा ट्रक तथा बसहरू पछाडि आइरहेका छन् कि भनी हेर्नुहोस्।

**पैदल यात्रीको सुरक्षा: कुनै पनि दुर्घटना हुन नपाओस्।**